छिन्नमस्ता गाउँपालिका
# गाउंकार्यपालिकाको कार्यालय

उपाध्यक्ष ज्यूको सचिवालय
मो.नं ९८०४७०८८५१
ushakumarimandal0901@gmail.com

पत्र सख्या २०७८/२०७९
चलानी नं ४९१

मिति २०७८।६।५

श्री सुर्यनारायण मण्डल,अध्यक्ष
छिन्नमस्ता गाउँपालिकाको कार्यालय ,सप्तरी

**बिषय-जवाफपेशगर्ने बारे ।**

तहाँको च.नं.१९९ मिति २०७८।५।२८ को पत्रप्राप्तभई व्यहोरा अबगत भयो । स्थानिय सरकार र स्थानिय कार्यपालिकाको नेतृत्वमा गाउँ पालिकाको अध्यक्ष र उपाध्यक्ष रहने तथ्य स्थानिय सरकार संचालन ऐन २०७४ ले नै प्रष्ट गरेको छ । नेतृत्य तह गाउँपालिकाको उपाध्यक्षलाई गाउँपालिका अध्यक्षले स्पष्टिकरण साधने प्रकरण नै राजनैतिक मर्यादा प्रतिकुल रही हस्यास्पद रहेको छ । यस पत्र सम्बन्धमा देहाय बमोजिम प्रशनको जवाफ अपरिहार्य रहेको जानकारी गराउदछु ।

**जवाफ अपरिहार्य रहेका प्रशनहरु:-**

(क) गाउँकार्यपालिकाको उपाध्यक्षलाई स्पष्टीकरण सोधन सकिने कानुनी अधिकार गाउँपालिकाको अध्यक्षलाई कुन कानुन द्धारा प्रदत गरिएको छ । तथा जन निर्बाचित उपाध्यक्षलाई गाउँपालिका अध्यक्षले प्रर्चलित नेपाल कानुन बमोजिम के कार्यवाही गर्न सक्दछ ? प्रष्ट खुलाई दिनुहुन ।

(ख) गाउ कार्यपालिकामा अध्यक्ष अनुर्पस्थित रहदाको समयमा गाउँ कार्यपालिकाको कार्यभार सम्हालने दायित्व स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १६(४)ख बमोजिम स्वत: उपाध्यक्षको हो वा होईन ?

(ग) म उपाध्यक्ष एक न्यायिक समितिको संयोजक तथा अनुगमन समितिको संयोजकले गाउँ कार्यपालिकाका कर्मचारीहरुलाई आवशक्यता अनुसार खटन पटन गरेको हु । अध्यक्ष अनपस्थित रहेको समयमा अध्यक्षको काम समेत हर्नुपर्ने दायित्व र जिमेवारी बोकेका पधाधिकारी समेत हु के कुन कानुन बमोजिम कर्मचारीहरुलाई खटन पटन गर्न नमिलने हो वा कानुनी ब्यबस्था स्पष्ट खुलाई दिनुहुन ?

(घ) २०७७/२०७८ को गाउँसभा नै सम्पन्न नभएको तथा २०७८/२०७९ समेतको गाउँ सभा बांकी नै रहेका अवस्थामा गाउँकार्यपालिकाको बजेट नै बिनियोजन नभएको अबस्थामा बिकास निर्माण कार्य को नाउमा आफु खुशीकाम सञ्चालन हुनै नसक्ने अवस्था रहेको तथ्य बिद्दितै छ । कानुनी रुपमै विकास निर्माणको सम्पुर्ण बजेट अवरुद्ध भएको समयमा आफु खुशी कार्य गर्ने अखितयारी कानुनले प्रशासकिय अधिकृतलाई दिएका छैन । यस्तो विषयमा बारम्बार प्रशासकीय अधिकृतलाई सोधनी गर्दा पनी प्रशासकीय अधिकृतले जवाफै नदिने र अध्यक्षले गैर कानुनी कार्य रोक्नु पर्नेमा सोही कुरालाई सिरानी हाली उपाध्यक्षलाई नै सोधपुछ गर्नु पर्ने तथा प्रशासकीय अधिकृतको गैर कानुनी कार्यको प्रतिरक्षा गर्नुको औचित्य के होला ?

(ङ) उपाध्यक्ष उपर कसैको कुनै सिकायत नरहेको नदेखिएको अवस्थामा आफनै मनले कर्मचारीलाई धम्की दिएको, ज्यानमार्ने धम्की दिएको,गाली गालौज गरेको जस्ता आरोप अध्यक्षले लगाउनुको कारण के होला ?

(च) गाउँकार्यपालिकाको बैठक मर्यादित र सतुलीत रुपले सञ्चाल नगर्नु गराउनु पर्छ । यो बैठक गाउँ कार्यपालिकाको अध्यक्षको अध्यक्षतामा हुन्छ । कानुन सम्मत ढगले बैठक सभा सञ्चालन गराउनु अध्यक्षको दायित्व हो अध्यक्ष अनुर्पस्थित रहेमा यो बैठक संचालन गर्नु गराउनु उपाध्यक्षको कार्य हो ।

उपाध्यक्षले हाल सम्म बैठक संचालनको अबसर नपाउँदा सोको गुण दोष अध्यक्षता गर्ने अध्यक्षमै रहन्छ । मैले कुनै अबरोध बाधा व्यबधान नगर्दा नगर्दै म उपर किटानी आरोप लगाउनुको औचित्य के हो ? खुलाई दिनुहुन ।

गत च.न.१९९ मिति २०७८।५।२८पत्रको सम्पुर्ण सवालको सम्बन्धमा प्रस्ट हुन पस्तुत पत्रको प्रकरण क देखि च सम्मको प्रशनावलीको कानुन बमोजिमको जवाफ अपरिहार्य रहेकोले उपरोक्त प्रशनको समुचीत जवाफ यो पत्र प्राप्त भएको मितिले १(एक) हप्ता भीत्र खुलाई पठाउनु हुन यो पत्र प्रेशित गरेको छु । अन्यथा गाउँकार्यपालिकाको बैठकले अध्यक्ष समेत उपर आबश्यक कार्यवाहीको लागी बिषयगत एजेण्डा राखी निर्णयाथ पेश गराउने प्रकृया बढाइने छ ।

उषा
०७८।६।६
उषा कुमारी मण्डल
**उषा कुमारी मण्डल**
**उपाध्यक्ष**

गाउँपालिकाउपाध्यक्ष

बोधार्थः-

श्री संघीय मामीला तथा समान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाण्डो ।
श्री मुख्यमन्त्रीको कार्यालय प्रदेश नं.२ जनकपुरधाम, धनुषा ।
श्री अखितयार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, ईटहरी ।
श्री जिल्ला समन्वय समितिको कार्यालय,सप्तरी ।
श्री जिल्ला प्रशासन कार्यालय, सप्तरी ।
श्री गाउँपालिका राष्टिय महासंघ नेपाल ।
श्री जिल्ला प्रहरी कार्यालय, सप्तरी ।
श्री जिल्ला पत्रकार महासंघ, सप्तरी ।
श्री प्रमुख प्रशासकिय अधिकृत/आर्थिक प्रशासन शाखा, छिन्नमस्ता गाउँपालिका :- गा.पा.उपाध्यक्षको आदेश वा निर्देशन नभए सम्म यस कार्यालय बाट गा.पा.अध्यक्षले पाउने सम्पुर्ण पारिश्रमीक तथा सेबा सुबिधा रोक्का राख्नु हुन ।
श्री सुचना प्राबिधि शाखा : यस कार्यालयको website माupload गरिदिनहुन ।